नेपाल नागरिक उड्डयन प्राधिकरण

**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय,**

गौचर, काठमाडौं

# सिलबन्दी बोलपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मिति २०७८।११।२८ )

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सिनामङ्गलस्थित एयर कार्गो भवनको गोदामको बाहिरपट्टि १५ वर्गमीटर क्षेत्रफल स्थानमा Cargo Wrappig Service सञ्चालन गर्नको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त गरेका इच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीहरुले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फाराम पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ :–

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयको गौचरस्थित राष्ट्रिय वाणिज्य बैक लि., गौचर शाखामा रहेको हि.न. १६९०१०००००११००६ मा रु.३००।- (अक्षरेपी: तीन सय रुपैयाँ मात्र) र सो रकममा लाग्ने मूल्य अभिबृद्धि कर समेत जम्मा गरी (पछि फिर्ता नहुने गरी) सोको सक्कल भौचर यस कार्यालयको राजस्व शाखामा पेस गरी प्राप्त रसिद (Tax Invoice), नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, अभिबृद्धि कर दर्ता प्रमाणपत्र सहित निवेदन पेस गरी यस कार्यालयको कर्पोरेट महाशाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्रसाथ रजिस्टर्ड फर्म वा कम्पनीको फर्म दर्ता प्रमाणपत्र (नवीकरण सहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजत पत्र, *VAT/PAN* दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको र आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वःघोषणा पत्र पेस गर्नुपर्नेछ ।

३. ठेक्का अवधि ३ (तीन) वर्षको हुनेछ । उक्त ३ वर्ष अवधिको न्यूनतम ठेक अंक रु. ४,३२,०००.०० (अक्षरेपी: चार लाख बत्तीस हजार रुपैयाँ मात्र) कायम गरिएकोछ । साथै दोस्रो वर्षदेखि कुल ठेक रकममा कार्यसम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने ठेक रकममा नेपाल राष्ट्र बैंकद्धारा प्रकाशित उपभोक्ता मुद्रास्फीति वार्षिक औसत मुद्रास्फीति ( मूल्य बृद्धि) सूचकाङ्क अनुसार थप गरी बहाल रकम बुझाउनु पर्नेछ ।

४. यस कार्यालयलाई तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति हिस्सेदार भएको फर्म/कम्पनीले सो बक्यौता फछ्र्यौट गरेको कागजात पत्र बोलपत्र सम्बन्धी कागजात (टेन्डर डकुमेण्ट्स) खरिद गर्नुपूर्व पेस गर्नुपर्नेछ ।

५. बोलपत्रसाथ आफूले कबोल गरेको बहाल रकमको ५% ले हुने रकम यस कार्यालयको रा.बा.बैंक लि., गौचर शाखामा रहेको धरौटी हि.नं १६९०१००००००७०००१ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त **"क"** वर्गको वाणिज्य बैकबाट जारी भएको बोलपत्र खोलिने मितिबाट कम्तीमा १२० दिन मान्य अवधि भएको बैङ्क ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

६. यो सूचना प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिनभित्र बोलपत्र फाराम खरिद गरी १६ (सोह्र) औं दिनको १२:०० बजेभित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरी सक्नुपर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु १६ ( सोह्र) औं दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो दिन बोलपत्रदाताकोतर्फबाट अख्तियारीपत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खरिद तथा दर्ता गरिनेछ ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो सो स्पष्ट लेखी **श्री कर्पोरेट महाशाखा त्रि.अ.वि.ना.उ.कार्यालय, गौचर**लाई सम्बोधन गरी यस कार्यालयको कर्पोरेट महाशाखामा दर्ता गराउनुपर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुबैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. रीत नपुगी वा म्याद नाघी वा शर्त राखी आएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

१०. प्राप्त हुन आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११ बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएकोछ ।

१२. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.org.np र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको Website: www.tiairport.com.np मा समेत यो सूचना उपलब्ध हुनेछ ।

१३. यसमा नपरेका अन्य कुराहरु नेपाल नागरिक उड्डयन प्राधिकरणको प्रचलित ऐन, नियम र नेपाल सरकारको प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।